# सम्पादकीय

मिडियासम्बन्धी प्राज्ञिक अनुसन्धानलाई सघाउन सकिन्छ भन्ने विश्वासमा हामीले *मिडिया अध्ययन*को प्रकाशन थालेका हौँ। कानुनी, राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक धरातलमा विभिन्न दृष्टिकोणबाट नेपाली मिडियाको विश्लेषण गरिएका र व्यावहारिक-आनुभविक आधारमा लेखिएका लेखहरू यो जर्नलमा छाप्ने हाम्रो उद्देश्य हो। नेपाली सन्दर्भमा लेखिएका अनुसन्धानमूलक लेख, टिप्पणी, संस्मरण, प्रतिवेदन, अन्तर्वार्ता, अभिलेख आदि सामग्रीका कारण नेपाली मिडियामा चासो राख्नेका लागि *मिडिया अध्ययन* राम्रै खुराक बनेको छ भन्ने हामीलाई लागेको छ।

२०६३ सालमा सुरु भएको *मिडिया अध्ययन*को चौथो अङ्क पाठकसामु लिएर आउन पाउँदा हामी औधी खुसी छौँ। आगामी दिनमा अझ सुधारका साथ यसलाई अगाडि बढाउन तपाईंहरूको निरन्तर साथ र सहयोग पाइरहने छौँ भन्ने हाम्रो विश्वास छ। यसमा छापिने विषयवस्तुमा अझ बढी विविधता ल्याउन मिडिया क्षेत्रप्रति चासो राख्ने लेखक, अनुसन्धानकर्ता तथा यस क्षेत्रमा अभ्यासरत व्यक्तिहरूको सक्रिय सहभागिताको पनि हामी निरन्तर अपेक्षा गर्दछौँ।

*मिडिया अध्ययन*को तेस्रो अङ्क प्रकाशन भइसकेपछि २०६५ साउन ५ गते हामीले केही विज्ञ तथा आमसञ्चार र पत्रकारिताका विद्यार्थी बीचमा यस जर्नलबारे समीक्षात्मक छलफल गरेका थियौँ। सो छलफलमा विनयकुमार

कसजू, पी. खरेल, सौरभ, धर्म अधिकारी, शुभशङ्कर कँडेल, बद्री पौडयाल, सुरेश आचार्य, मोहन मैनाली, निर्मलमणि अधिकारी, ज्ञानू पाण्डे, प्रमोद प्रधान, दीपा गौतम, यमबहादुर दुरा, तिलक पाठक, जेबी विश्वकर्मा, ऋषिकेश दाहाल, विद्या चापागाईं, विष्णुकान्त घिमिरे र सुजन दाहाल उपस्थित हुनुहुन्थ्यो । जर्नलका तीनओटै अङ्क पढेका आधारमा उहाँहरूले यसका कमी कमजोरी तथा नेपाली मिडियाको क्षेत्रमा यसले खेलेको र खेल्नसक्ने भूमिका औंल्याइदिनुभएको थियो । सो छलफलमा उहाँहरूले दिनुभएका सुझाव हामीलाई अगाडि बढ्न निकै उपयोगी र प्रेरणादायी थिए । त्यसका लागि उहाँहरूप्रति हामी आभारी छौँ ।

मिडिया अध्ययनको यो अङ्क प्रकाशनका क्रममा हामीलाई विभिन्न व्यक्ति तथा संस्थाको महत्त्वपूर्ण सहयोग प्राप्त भयो । सर्वप्रथम, लेख, रचना उपलब्ध गराउने लेखक तथा विभिन्न सुझाव र सल्लाह दिएर हामीलाई अगाडि बढ्न निरन्तर प्रेरित गर्नुहुने पाठकप्रति हामी अनुगृहित छौँ । प्रकाशनको विभिन्न चरणमा सघाउने मार्टिन चौतारीका साथीहरू किशोर प्रधान, कोमल भट्ट, हर्षमान महर्जन, संगीता पाण्डे, कृष्ण अधिकारी, रश्मी डंगोल, रामकान्त तिवारी, अर्जुन पन्थी, अनुभव अजीत, शरद घिमिरे, कैलाश राई, अनिता दुलाल र बुद्ध श्रेष्ठलाई धन्यवाद छ । हाम्रो अनुरोध स्वीकार गरी केही लेखकका प्रारम्भिक ड्राफ्ट पढेर परिमार्जनका लागि सुझाव दिनुहुने रमेश पराजुली र माधव पोखरेलप्रति पनि हामी आभारी छौँ । जर्नलमा प्रकाशित केही लेखको पाण्डुलिपि सम्पादन गरिदिनुहुने शरच्चन्द्र वस्तीलाई धन्यवाद छ । साथै, जर्नलको प्रकाशनमा आर्थिक सहयोग जुटाइदिने संस्था डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को मानव अधिकार र असल शासन सल्लाह एकाई (DanidaHUGOU) तथा त्यहाँका उप-कार्यक्रम संयोजक मुरारि शिवाकोटीलाई पनि धन्यवाद छ ।